# बजार अवलोकन–१६

**बजार अवलोकन**
२०६६ श्रावण

निम्न संस्थाहरुद्वारा संयुक्त रुपमा प्रकाशित :
विश्व खाद्य कार्यक्रम– खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली
कृषि तथा सहकारी मन्त्रालय–कृषि विभाग, कृषि व्यवसाय प्रवर्धन तथा बजार बिकास निर्देशनालय
नेपाल उद्योग वाणिज्य महासंघ –कृषि उद्यम केन्द
उपभोक्ता हित संरक्षण मञ्च

## फलफूल तथा तरकारी मूल्य बृद्धि सम्बन्धि विशेष सामाग्री सहित

### प्रमूख बुँदाहरु

- **गत एक महिनामा मुख्य खाद्य बस्तुहरुको मूल्यमा बृद्धि भयो । चामलको मूल्य औसतमा ३ % ले, कालो दाल ७ % ले, अन्य दालहरु २ % ले र गहुँको मूल्य १ % ले बढेको पाईयो ।**
- **घट्दो आपूर्तिका कारण नेपालभर गत महिनाहरुमा तरकारी र फलफूलको मूल्यमा तिब्र रुपमा बृद्धि भएको पाईयो । नेपालमा गत वर्षको तुलनामा यस समय आलुको औसत मूल्य दुई गुना भन्दा बढि रह्यो । अहिले बन्दाकोपीको मूल्य गत वर्ष भन्दा झण्डै ५ गुना बढी छ ।**
- **मनसुनी वर्षाले धेरै जिल्लाहरुमा प्रभाव पार्न थालेको छ जसको फलस्वरुप भारी वर्षाले सडक बिगारी पहिरो समेत निम्त्याएका कारण कर्णाली लगायत विशेषत केहि हिमाली तथा पहाडी जिल्लाहरुमा आपूर्तिमा बाधा पुगेको छ ।**

### राष्ट्रिय रुपमा बजारको अवस्था

#### मूल्य :

- गत एक महिनामा मुख्य खाद्य बस्तुहरुको मूल्यमा बृद्धि भयो । चामलको मूल्य औसतमा ३ % ले, कालो दाल ७ % ले, अन्य दालहरु २ % ले र गहुँको मूल्य १ % ले बढेको पाईयो । प्रमूख बाली कटानी मौसम नपर्ने हुनाले वर्षको यस समयमा मूल्य बृद्धि हुनु स्वभाविक हो । तथापीः खास गरी गएको हिउँदे खडेरीका कारण नेपालभर मूल्य बढ्न गयो र आगामी कार्तिकको बाली कटानी नभए सम्म मूल्य बृद्धि निरन्तर रहने सम्भावना छ ।
- घट्दो आपूर्तिका कारण नेपालभर तरकारी र फलफूलको मूल्यमा तिब्र बृद्धि भयो । यो मुख्य रुपमा हिउँदे खडेरीका कारण उत्पादनमा कमी भई हुन गएको हो । यद्यपि बन्द र हडतालहरुले पनि निरन्तर रुपमा तराई र काठमाडौं बिच आपूर्तिमा बाधा पुऱ्याउने तथा त्यहाँको उत्पादन सड्न जाने हुनाले पनि मूल्य बृद्धिमा थप बल पुगेको हो । गत वर्ष यसै समयको तुलनामा अहिले आलुको औसत मूल्य दुई गुना भन्दा बढि भएको पाईएको छ ।
- २०६५ को अधिकतम् मूल्य बृद्धि पश्चात खाने तेलको मूल्यमा निरन्तर रुपमा बिस्तारै कमि आईरहेको छ । गत महिनाको तुलनामा राष्ट्रिय स्तरमा तोरीको तेलको मूल्य ३ प्रतिशतले र भटमासको तेलको मूल्य ४ प्रतिशतले घटेको छ ।
- यस महिनामा मुख्य उपभोक्ता बजारहरुमा कुखुराको मासुको मूल्य ३ प्रतिशतले घटेको छ । यद्यपि महिनाको अन्त्यतिर काठमाडौंका कुखुरा पालक व्यवसायीहरुले जिउँदो कुखुराको मूल्य प्रति किलो रु. ५ ले र कुखुराको मासुको मूल्य रु. ७ ले बढ्ने बताएकाले यसले आगामी महिनामा कुखुराको मासुको मूल्यमा बृद्धि ल्याउन सक्ने देखिन्छ ।

#### आपूर्ती :

- ताजा तरकारी र फलफूलको आपूर्ति उल्लेख्य रुपमा घटेको छ । काठमाडौंको कालीमाटी फलफूल तथा तरकारी बजारमा समग्रमा तरकारी, फलफूल र मसलाहरुको औसत दैनिक आपूर्ति गत वर्षको तुलनामा हाल सरदर दिनको ३०० टनका दरले घटेर झण्डै आधा मात्रामा हुन पुगेको समाचार छ ।
- मनसुनले निम्त्याएको भारी वर्षा र पहिरोले बिभिन्न हिमाली तथा पहाडी गाउँहरुमा खाद्य आपूर्तिमा बाधा पुऱ्याउन थालेको छ । यसले कर्णाली राजमार्गबाट खाद्यन्न आपूर्तिमा आश्रीत जिल्लाहरुलाई प्रभाव पारेको छ । मनसुनी वर्षाबाट प्रभावित अन्य जिल्लाहरुमा स्याङ्जा, तनहु र रौतहट पर्दछन् ।

### बजारको पुर्वानुमान

- नेपालभर हिमाली तथा पहाडी बजारहरुमा मनसुनको अन्त्य सम्म भईरहने वर्षाले आपूर्तिमा निरन्तर अप्ठ्याराहरु ल्याउने अनुमान छ ।
- नेपाल सरकारले हालसालै गरेका कार्यबाहीहरुले बजार मूल्यमा कस्तो असर पर्ला भन्ने कुरा आगामी हप्ताहरु र महिनामा हेर्नु पर्ने विषय छ ।

### अत्यधिक उतार चढाव आएको बजार/खाद्य पदार्थहरु

**मूख्य खाद्यवस्तुहरुको खुद्रा मूल्यमा अधिकतम् बृद्धि**

| जिल्ला/ खाद्यवस्तु | हालको मूल्य (नेरु/केजि नेरु/लि.) | % परिवर्तन १ महिना | अवलोकन |
|---|---|---|---|
| तोरीको तेल<br>भटमासको तेल | औसत १२८/लि.<br>औसत १०८/लि. | -४%<br>-६% | क्षेत्रीय रुपमा सम्पूर्ण तेलजन्य उत्पादनको मूल्य घटेको छ । नेपालभर तेलको आपूर्तिमा सुधार आएको छ । |

**मूख्य खाद्यवस्तुहरुको खुद्रा मूल्यमा अधिकतम् कमि**

| जिल्ला/ खाद्यवस्तु | हालको मूल्य (नेरु/केजि नेरु/लि.) | % परिवर्तन १ महिना | अवलोकन |
|---|---|---|---|
| आलु<br>राष्ट्रिय स्तरमा | औसत ३२/के. जि. | १५ % | हिउँदे खडेरीका कारण आलु बालीमा आएको कमिले देशभर आलुको मूल्यमा बृद्धि भएको छ । |

**१२ महिनाको औसत मूल्य ***




**%मूल्यमा परिवर्तन (१ महिना/१ वर्ष)****




† असारको महिनाको अन्तिम तिरको मूल्य ।
* औसत मूल्यहरु यस प्रतिवेदनको पछाडी अनुसुचित गरिएको बजारहरुबाट लिइएको हो, *तर सहक मार्ग नभएको हिमाली र पहाडी बजारहरु समावेश गरिएको छैन ।*
** मूल्य परिवर्तन यस प्रतिवेदनमा देखाइएको सम्पूर्ण बजारहरुलाई समावेश गर्दछ ।

यो बजार अवलोकन विश्व खाद्य कार्यक्रम, नेपालले कृषि व्यवसाय प्रबर्धन तथा बजार बिकास निर्देशनालय, नेपाल उद्योग वाणिज्य महासंघ तथा उपभोक्ता हित संरक्षण मञ्चको संयुक्त सहकार्यमा तयार पारीएको हो । यो मूल्य तथा बजारको बिकास क्रम बारेमा समयानुकुल सूचना र पूर्व जानकारी प्रदान गर्नकोलागि गरीएको पहल हो ।
खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली द्वारा प्रकाशीत सम्पूर्ण सामाग्रीहरु (www.un.org.np) अथवा www.wfp.org/odan मा पनि उपलब्ध छन् ।
अन्य जानकारीकोलागि सम्पर्क : खाद्य सरक्षा अनगमन तथा विश्लेषण इकाई. विश्व खाद्य कार्यक्रम. पाटन ढोका. ललितपर. पो. ब. १०७. टेलिफोन : ५५४२६०७ –२४२०–५

## फलफूल तथा तरकारी बजार मूल्यको अवस्था

देशभर एक वर्ष अगाडीको तुलनामा गत महिनाहरुमा फलफूल तथा तरकारीको मूल्यमा तिब्र बृद्धि अनुभव गरीएको छ । यो मूल्य बृद्धि थोक तथा खुद्रा दुवै बजारमा महशुस गरिएको छ ।

### सामान्य अवलोकन

- प्राय बजारहरुमा तरकारीको मूल्यमा तिब्र बृद्धि भएको छ । गत ३ महिनामा काठमाडौंको बजारहरुमा रातो आलु, ठूलो गोलभेंडा, बन्दाकोपी र काउलीको मूल्य क्रमश: ५७, ७८, १४७ र ५४ % ले बृद्धि भएको पाईयो ।
- फलफूलको मूल्य पनि नाटकिय रुपमा बृद्धि भएको छ । गत तीन महिनामा काठमाडौंमा स्याउ र केराको मूल्य क्रमश: ४२ र १४ % ले बृद्धि भएको पाईयो ।
- फलफूल तथा तरकारीको मूल्यमा मौसम अनुसार घटबढ हुनु सामान्य मानिन्छ । तर हालैको मूल्य बृद्धि भने सामान्य मौसमी घटबढ भन्दा धेरै माथि रहेको पाईएको छ ।
- चित्र १ र २ मा प्रस्तुत गरिएको काठमाडौंको मूल्य प्रत्येक दुई महिनाको चल औसत (moving average) बाट निकालिएको हो । बन्द-हडताल र मौसमी परिवर्तन जस्ता छोटो अवधिको मूल्य घटबढको असर समेत बिचार गरी यस्तो गरिएको हो ।
- गत वर्ष यसै समयको तुलनामा हाल रातो आलु, ठूलो गोलभेंडा, काउली र प्याजको खुद्रा मूल्य क्रमश: १५४, ९०, १०३ र ३२ % ले बृद्धि भएको छ । काठमाडौंमा हाल बन्दाकोपीको मूल्य गत वर्ष यसै समयको तुलनामा ५ गुना बढि भएको पाईएको छ ।
- यस्तै स्याउ र केराको मूल्यमा क्रमश ८० र १४ % ले बृद्धि भएको साथै अन्य फलफूलमा पनि मूल्य बृद्धि भएको छ ।
- चित्र ३ मा काठमाडौंको मुख्य थोक बजार कालीमाटीमा एक वर्षको अवधिमा केहि छानिएका फलफूल तथा तरकारीको थोक मूल्यमा भएको बृद्धिलाई प्रस्तुत गरिएको छ । थोक मूल्यले खुद्रा मूल्यको मिल्दोजुल्दो आंकडा देखाउँछ; प्रस्तुत गरिएका ७ मध्ये ३ खाद्य बस्तुहरुको मूल्य दुई गुना भन्दा बढेको देखिएको छ ।

### मूल्य बृद्धिका मुख्य कारकहरु

खडेरीका कारण बाली उत्पादनमा आएको कमि नैं उपभोक्ता बजारहरुमा आपूर्ति घटाउने मूख्य कारण हो । बन्द र हडतालहरुले पनि आपूर्ति अवस्थालाई अझ प्रभाव पारेको देखिन्छ । कम आपूर्ति, बढ्दो माग र अपरिपक्क बजार व्यवस्थापन नैं मूल्य बृद्धिलाई बढावा दिने कारकहरुको रुपमा मानिन्छन् ।

### खाद्य सुरक्षामा यस्को प्रभाव

फलफूल तथा तरकारी स्वस्थ र पोषिलो भोजनको महत्वपूर्ण भाग हो । गत महिनाहरुमा यी बस्तुहरुमा आकाशियको मूल्य बृद्धि खास गरी सिमित खरिद क्षमता भएका गरीब परिवारहरुको लागि चिन्ताको विषय हो । विशेषत शहरी क्षेत्रका गरीबहरु यसबाट बढी जोखिममा पर्दछन् । बजारमा तरकारीको मूल्यमा चर्को बृद्धि हुँदा यिनीहरुले यस्को उपभोगमा कमी ल्याउनु पर्ने बाध्यता पर्न सक्दछ । यसरी फलफूल र तरकारीको अपर्याप्त उपभोगको अवस्था रहदैं जाँदा उनीहरुमा पोषणको कमी बाट हुने समस्याहरु आउन सक्दछन् ।




**चित्र १- काठमाडौंमा गत एक वर्ष भरी तरकारीको खुद्रा मूल्यमा भएको परिवर्तन** ( तथ्याङ्क-बजार बिकास निर्देशनालय )




**चित्र २- काठमाडौंमा गत एक वर्ष भरी फलफूलको खुद्रा मूल्यमा भएको परिवर्तन** ( तथ्याङ्क-बजार बिकास निर्देशनालय )




**चित्र ३- काठमाडौंको मुख्य थोक बजारमा थोक मूल्यमा भएको बृद्धि** (तथ्याङ्क-कृषि उद्यम केन्द्र)

# बजार अवलोकन-१६ नेपालभर मुख्य खाद्य बस्तुहरुको खुद्रा मूल्य

| बजार | मुख्य खाद्यवस्तुहरु | हालको मूल्य ९नेरु/केजि नेरु/लि.० | मूल्यमा परिवर्तन ९५०८ १ महिना | ३ महिना | १ वर्ष | औसत मासिक परिवर्तन १म | ३म | १वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| **मुख्य उपभोक्ता बजार** | | | | | | | | |
| काठमाडौं | मोटो चामल | ३७.० | -२.६ | ०.० | ८.८ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | २७.० | ०.० | ०.० | १२.५ | ▶ | ▶ | ▶ |
| | भटमासकोतेल | ८७.० | -१०.३ | -३.३ | -३१.५ | ▼ | ▶ | ▼ |
| | कुखुराको मासु | २४०.० | ०.० | १७.१ | २०.० | ▶ | ▲ | ▲ |
| | तोरीको तेल | ११३.० | -५.० | -१६.३ | -१६.३ | ▼ | ▼ | ▼ |
| | मास | ८४.० | १.२ | -१.२ | १५.१ | ▶ | ▶ | ▲ |
| | मूसूरो | ९७.० | ०.० | -३.० | १४.१ | ▶ | ▶ | ▶ |
| | रातो आलु | ३३.० | १०.० | ५७.१ | १५३.८ | ▲ | ▲ | ▲ |
| पोखरा | मोटो चामल | ३६.० | ०.० | २.९ | २.९ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | २८.० | ०.० | ०.० | -६.७ | ▶ | ▶ | ▶ |
| | भटमासकोतेल | १२५.० | ४.२ | १३.६ | -७.४ | ▶ | ▲ | ▶ |
| | कुखुराको मासु | २४०.० | -२०.० | २०.० | ५०.० | ▼ | ▲ | ▲ |
| | तोरीको तेल | १४०.० | ०.० | ०.० | -६.७ | ▶ | ▶ | ▶ |
| | मास | ९०.० | ०.० | १२.५ | २०.० | ▶ | ▲ | ▲ |
| | मूसूरो | १००.० | ०.० | २.० | १७.६ | ▶ | ▶ | ▲ |
| | रातो आलु | ३६.० | ०.० | ५०.० | ८०.० | ▶ | ▲ | ▲ |
| **क्षेत्रीय तराई बजार** | | | | | | | | |
| बिराटनगर | मोटो चामल | २४.० | ०.० | ६.७ | ४.३ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | २२.० | -८.३ | -१२.० | -१४.१ | ▼ | ▼ | ▶ |
| | भटमासकोतेल | ९०.० | -८.२ | -१९.६ | -२५.० | ▼ | ▼ | ▼ |
| | कुखुराको मासु | २२०.० | -१६.७ | २२.२ | ५७.१ | ▼ | ▲ | ▲ |
| | तोरीको तेल | १२०.० | ९.१ | -४.० | -९.८ | ▲ | ▶ | ▶ |
| | मास | ६८.० | -४.५ | -२.९ | २१.४ | ▶ | ▶ | ▲ |
| | मूसूरो | ९६.) | १२.९ | १७.१ | ३४.८ | ▲ | ▲ | ▲ |
| | रातो आलु | ३४.२ | २९.५ | १८५ | २८९ | ▲ | ▲ | ▲ |
| बिरगंज | मोटो चामल | अनुपलब्ध | - | - | - | - | - | - |
| | गहुँको पिठो | २४.४ | ४.३ | ६.१ | १.७ | ▶ | ▶ | ▶ |
| | भटमासकोतेल | ९०.० | -५.३ | -१८.२ | -२५.० | ▼ | ▼ | ▼ |
| | कुखुराको मासु | २५०.० | २५.० | ३८.९ | - | ▲ | ▲ | - |
| | तोरीको तेल | १०७.० | -२.७ | -१०.८ | -१७.७ | ▶ | ▼ | ▼ |
| | मास | ७४.८ | ६.९ | १.१ | १६.० | ▲ | ▶ | ▲ |
| | मूसूरो | ९५.० | ५.६ | ५.६ | २७.० | ▲ | ▶ | ▲ |
| | रातो आलु | २६.० | १८.२ | ८५.७ | ८५.७ | ▲ | ▲ | ▲ |
| नेपालगंज | मोटो चामल | २७.२ | ३.१ | १३.१ | २०.७ | ▶ | ▲ | ▲ |
| | गहुँको पिठो | २२.९ | १.० | -०.४ | १२.६ | ▶ | ▶ | ▶ |
| | भटमासकोतेल | ११०.० | ०.० | -४.३ | -१०.६ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३००.० | ५०.० | ६६.७ | ८७.५ | ▲ | ▲ | ▲ |
| | तोरीको तेल | १३०.० | ०.० | ८.३ | -२.५ | ▶ | ▶ | ▶ |
| | मास | ८३.५ | १.८ | १९.३ | ४२.३ | ▶ | ▲ | ▲ |
| | मूसूरो | ९३.८ | ०.६ | २५.१ | ४०.७ | ▶ | ▲ | ▲ |
| | रातो आलु | २७.० | २२.७ | ६८.८ | ८०.० | ▲ | ▲ | ▲ |
| धनगढी | मोटो चामल | २८.० | ९.८ | १२.० | २१.० | ▲ | ▲ | ▲ |
| | गहुँको पिठो | २२.० | -४.३ | -४.३ | -२.३ | ▶ | ▶ | ▶ |
| | भटमासकोतेल | ९०.० | -१४.३ | -२१.४ | ४४.८ | ▼ | ▼ | ▲ |
| | कुखुराको मासु | २८०.० | ४०.० | ५१.४ | ५७.३ | ▲ | ▲ | ▲ |
| | तोरीको तेल | १००.० | -९.१ | -२३.१ | -२०.६ | ▼ | ▼ | ▼ |
| | मास | ९०.० | १२.५ | ९.८ | ९.६ | ▲ | ▶ | ▶ |
| | मूसूरो | ९४.० | -१.१ | -१.१ | ४२.४ | ▶ | ▶ | ▲ |
| | रातो आलु | ३५.० | १६.७ | १६९ | १२९ | ▲ | ▲ | ▲ |

| बजार | मुख्य खाद्यवस्तुहरु | हालको मूल्य ९नेरु/केजि नेरु/लि.० | मूल्यमा परिवर्तन ९५०८ १ महिना | ३ महिना | १ वर्ष | औसत मासिक परिवर्तन १म | ३म | १वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| भैरहवा | मोटो चामल | २८.० | ७.७ | १६.७ | ७.७ | ▲ | ▲ | ▶ |
| | गहुँको पिठो | २२.० | -८.३ | -८.३ | -१२.० | ▼ | ▶ | ▶ |
| | भटमासकोतेल | ९५.० | -५.० | -२०.८ | -२१.८ | ▶ | ▼ | ▼ |
| | कुखुराको मासु | अनुपलब्ध | - | - | - | - | - | - |
| | तोरीको तेल | ११०.० | -३१.३ | -२६.७ | -२६.७ | ▼ | ▼ | ▼ |
| | मास | १०५.० | ५९.१ | ५०.० | ७५.० | ▲ | ▲ | ▲ |
| | मूसूरो | ९८.० | ३.२ | ८.९ | २७.० | ▶ | ▶ | ▲ |
| | रातो आलु | २५.० | ४.२ | ३१.६ | १०८ | ▶ | ▲ | ▲ |
| **सडकको पहुंच भएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| धनकुटा | मोटो चामल | २५.० | ०.० | ०.० | -१५.३ | ▶ | ▶ | ▼ |
| | गहुँको पिठो | २९.० | ३.६ | ३.६ | -४.९ | ▶ | ▶ | ▶ |
| | भटमासकोतेल | ११०.० | -८.३ | -८.३ | -२४.९ | ▼ | ▶ | ▼ |
| | कुखुराको मासु | अनुपलब्ध | - | - | - | - | - | - |
| | मास | ८५.५ | -५.६ | ०.० | १७.२ | ▼ | ▶ | ▲ |
| | मूसूरो | १००.० | ०.० | २.० | २५.० | ▶ | ▶ | ▲ |
| | रातो आलु | ३०.० | ०.० | ५०.० | १०० | ▶ | ▲ | ▲ |
| रोल्पा | मोटो चामल | २८.० | ३.७ | ५.७ | ७.७ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३३.० | ०.० | ३.१ | ३७.५ | ▶ | ▶ | ▲ |
| | भटमासकोतेल | १३५.० | ३.८ | २.३ | १२.५ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | २००.० | ०.० | ०.० | - | ▶ | ▶ | - |
| | मास | ९२.० | १५.० | २.२ | ४६.० | ▲ | ▶ | ▲ |
| | मूसूरो | १००.० | ०.० | ३.१ | ३७.० | ▶ | ▶ | ▲ |
| | रातो आलु | ३०.० | २०.० | २०.० | ६६.७ | ▲ | ▲ | ▲ |
| सांफेबगर | मोटो चामल | २८.० | ०.० | -३.४ | -२८.२ | ▶ | ▶ | ▼ |
| | गहुँको पिठो | ३०.० | ०.० | -६.३ | ३.४ | ▶ | ▶ | ▶ |
| | भटमासकोतेल | अनुपलब्ध | - | - | - | - | - | - |
| | कुखुराको मासु | २५०.० | ०.० | २६.३ | २१.४ | ▶ | ▲ | ▲ |
| | मास | ९०.० | ०.० | ५.९ | २८.६ | ▶ | ▶ | ▲ |
| | मूसूरो | १००.० | ०.० | १३.६ | ४२.९ | ▶ | ▲ | ▲ |
| | रातो आलु | ४०.० | १४.३ | ३३.३ | ०.० | ▲ | ▲ | ▶ |
| जुम्ला | मोटो चामल | ४५.० | ०.० | ०.० | २८.६ | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | ६०.० | ९.१ | २०.० | ३०.४ | ▲ | ▲ | ▲ |
| | भटमासकोतेल | १५०.० | ०.० | ०.० | ७.१ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | २००.० | -२८.६ | -२५.९ | १४.३ | ▼ | ▼ | ▶ |
| | मास | ७०.० | ०.० | ०.० | -१२.३ | ▶ | ▶ | ▶ |
| | मूसूरो | ८०.० | ०.० | ०.० | -९.१ | ▶ | ▶ | ▶ |
| | रातो आलु | ४०.० | ३३.३ | ६०.० | १०० | ▲ | ▲ | ▲ |
| **सडकको पहुंच नभएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| हुम्ला | मोटो चामल ८ | ३२.० | ०.० | ८.६ | -८.६ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | २३० | ४३.८ | ४३.८ | - | ▲ | ▲ | - |
| | भटमासकोतेल | ३२० | ० | ० | - | ▶ | ▶ | - |
| | सिमी | ६० | ९.१ | २० | - | ▲ | ▲ | - |
| | रातो आलु | ६० | ५० | ५० | - | ▲ | ▲ | - |
| डोल्पा | यस महिना मूल्य संकलन नगरिएको । | | | | | | | |
| बाजुरा | यस महिना मूल्य संकलन नगरिएको । | | | | | | | |

▲ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य बढेको
▶ सामान्य मूल्य परिवर्तन
▼ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य घटेको

यदि मूल्य परिवर्तन १ महिनामा ५% सम्म, ३ महिनामा १० % सम्म अथवा १ वर्षमा १५ % सम्म भएमा त्यसलाई सामान्य मानिन्छ ।

* अन्य संचिति उपलब्ध नभएको हुनाले यहाँ उल्लेखित मूल्य नेपाल खाद्य संस्थान द्वारा आपूर्ति गरिएको चामलको मूल्य हो।